# ब्रह्मपुरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## ब्रह्मपुरी, सर्लाही

# गाउँ प्रहरी पदपुर्ति गर्ने सम्बन्धि सुचना ।

(प्रथम पटक प्रकाशित मितिः- २०८२।०९।१४ गते)

यस गाउँपालिकाको मिति २०८२/०९/०६ गतेको गाउँ कार्यपालिकको निर्णय बमोजिम यस कार्यालयको लागी देहाय बमोजिमको पदमा गाउँ प्रहरी सेवा करारमा पदपुर्ति गर्नुपर्ने भएकोले तोकिएको योग्यता पुगेको नेपाली नागरिकहरुले यो सुचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा तोकिएको शुल्क दस्तुर तिरेको रसिद सहित यस गाउँ कार्यपालिकाको कार्यालयमा रितपुर्वक दरखास्त आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

| विज्ञापन नं. | पद | श्रेणी/तह | माग संख्या | आवेदन दस्तुर | दरखास्त दिने स्थान |
|---|---|---|---|---|---|
| २/२०८२-०८३ | गाउँप्रहरी सहायक निरीक्षक | सहायक चौथो तह | १ (खुला) | रु ७००/- | ब्रह्मपुरी गाउँ कार्यपालिकाको कार्यालय, प्रशासन शाखा, ब्रह्मपुरी सर्लाही । |
| ३/२०८२-०८३ | वरिष्ठ गाउँ प्रहरी (हवल्दार) | तेस्रो तह | २ (खुला) | रु ५००/- | |
| ४/२०८२-०८३ | गाउँ प्रहरी जवान | तेस्रो तह | ५ (खुला)<br>३ (महिला) | रु ३००/- | |

**(गाउँ प्रहरी जवान पदको थप समुहमा आवेदन दिनुपरेमा रू.१५०/- थप दस्तुर लाग्नेछ)**

१. दरखास्त दिने अन्तिम मितिः-२०८२।०९।२८ गते सम्म (सो दिन सार्वजनिक विदा परेमा सोको भोली पल्ट कार्यालय समयभित्र)

२. खदरखास्त दस्तुर बुझाउने स्थानः-नबिल बैंक ब्रह्मपुरी शाखामा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. २१७०१०१७५०००२७ मा रकम जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नुपर्नेछ ।

**३. आवश्यक न्युनतम योग्यता र उमेर हद :**

| पद | न्यूनतम शैक्षिक योग्यता |
|---|---|
| गाउँप्रहरी सहायक निरीक्षक | √ मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको वा कम्तिमा ८ कक्षा पास भई पुर्व नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीबलको जवान पद भन्दा माथि कम्तिमा ८ वर्ष काम गरेको अनुभव प्राप्त गरेको हुनुपर्ने ।<br>√ २५ वर्ष उमेर पुगेको ४५ वर्ष ननाघेको |
| वरिष्ठ गाउँ प्रहरी | √ कम्तीमा SLC/SEE वा सो सरह उतिर्ण गरेको र २० वर्ष उमेर पुगेको ४० वर्ष ननाघेको |
| गाउँ प्रहरी जवान | √ कम्तीमा ८ कक्षा उत्तीर्ण गरेको र १८ वर्ष उमेर पुगेको ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० ननाघेको र अवकाश प्राप्त सुरक्षाकर्मीको हकमा ४५ वर्ष ननाघेको हुनुपर्नेछ) |

**४. दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरू :-**

क. नेपाली नागरिकताको प्रतिलिपि।

ख. न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि ।,

ग. अनुभव खुल्ने कागजातहरुको प्रतिलिपि ।

घ. नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको व्यहोराको प्रहरी रिपोर्ट ।

ङ. मान्यता प्राप्तचिकित्सकबाट निरोगिताको प्रमाणपत्र।

च. कुनै राजनीतिक दलको सदस्य नरहेको तथा कुनै विध्यंसात्मक संस्थाको सदस्य नरहेको भनि स्वयम् घोषणा पत्र।

| क्र.सं. | विवरण | पुरुष (न्युनतम) | महिला (न्युनतम) |
|---|---|---|---|
| १ | उचाई | ५ फिट २ ईन्च | ५ फिट |
| २ | छाती | नफुलाउदा घटिमा ३१ इन्च र फुलाउदा ३३ इन्च | |
| ३ | वजन | ५० के.जी. | ४५ के.जी. |
| ४ | आँखा परिक्षण | माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको आँखा जाँच रिपोर्ट | |

५. परिक्षाको किसिमः- संक्षिप्त सुची प्रकाशन,शारीरिक परिक्षण, लिखित परिक्षा र अन्तरवार्ता

६. सम्पर्क तथा परिक्षा मितिः- पछि प्रकाशन गरिनेछ ।

बाँकी पृष्ठ ४ मा

७. लिखित परिक्षाको पाठयक्रमः- पाठयक्रमयस कार्यालयको धभदकष्तभ वा प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ।

८. सेवा सुविधाः- गाउँपालिकाले तोके बमोजिम हुनेछ।

**पुनश्चः**

१. हरेक चरणको परिक्षा समाप्ति पछि नतिजा प्रकाशन गरिनेछ र उत्तिर्ण उम्मेदवारहरुलाई मात्र अर्को चरणको परिक्षामा सहभागी गराइनेछ।

२. थप जानकारीको लागी यस गाउँपालिकाको प्रशासन शाखा वा वेवसाईट www.brahmapuri.gov.np मा हेर्न वा कार्यालयको फोन नं. ९८५४०४४०१२ मा सम्पर्क गर्न सकिने छ।

**- प्रमुख प्रशासकिय अधिकृत**

## सर्लाहीमा लगातार...

प्रकोप बढ्दो छ भने किसानलाई चौपाय र पन्छी जोगाउन मुस्किल परेको छ। चिकित्सकले चिसोबाट स्वास्थ्यमा समस्या देखिने भएकाले अत्यावश्यक काम पर्दाबाहेक बाहिरफेर हिँडडुल नगर्न तथा झोलिलो र ताता खानेकुरा प्रशस्त खान सुझाव दिएका छन् ।

## सर्वोच्च अदालत...

तारेख र म्याद थाप्न सकिने निर्णय भएकामा अब पुस मसान्तसम्म म्याद थाम्न सकिने भएको छ । यसअघि मङ्सिर १ देखि ३० गतेसम्म एक महिना हदम्याद, म्याद र तारेख थाम्न सकिने व्यवस्था गरिएको थियो । आदेशको लिखित सोमबार आउनेछ।गत भदौ २४ गते अदालतमा आगजनी भएर नष्ट भएका मुद्दाको कागजात सङ्कलन गर्ने समय थप गरी ६० दिन हुनेछ । आगजनी र तोडफोडमा सर्वोच्च अदालतका सबैजसो कागजात जलेर नष्ट भएका थिए । अदालतले मुद्दाका पक्ष एवं सरोकारवालालाई सम्बन्धित मुद्दाको कागजात जुटाउन सहयोगका लागि आह्वान गरेको थियो ।

# सलमानको जन्मदिनमा 'ब्याटल अफ गलवान' को टिजर सार्वजनिक



बलिउड अभिनेता सलमान खानको ६० औं जन्मदिनको अवसरमा उनको आगामी फिल्म 'ब्याटल अफ गलवान' को टिजर सार्वजनिक भएको छ ।

भाइजानले आफ्नो जन्मदिनमा टिजर सार्वजनिक गर्दै प्रशंसकलाई उपहार दिएका छन् ।१ मिनेट ११ सेकेन्डको टिजरमा सलमानलाई भारतीय सैनिक अफिसरको भूमिकामा देख्न सकिन्छ ।टिजरमा सलमानलाई मात्र चित्रण गरिएको छ। 'यदि चोट लाग्यो भने तक्मा सम्झनू, मृत्यु देख्यौ भने सलाम गर्नू' सलमानले मातहतका अफिसरलाई लडाइका लागि प्रोत्साहन गर्दै ती कुरा भनेका छन् ।अपूर्व लाखिया निर्देशित फिल्ममा सलमानसहित चित्रांगना सिंहको शीर्ष अभिनय छ ।

नेपाली अभिनेता अनुपविक्रम शाहीको पनि यसमा शीर्ष भूमिका छ ।

# सुधन गुरुङले दिए २३-२४ भदौको घटना जाँचबुझ आयोगमा बयान



**सर्लाही अपडेट संवाददाता काठमाडौँ,१३ पुस ।**

जेन-जी आन्दोलनबाट उदाएका सुधन गुरुङले २३ र २४ भदौको घटनाका सम्बन्धमा छानबिन गर्न गठन भएको जाँचबुझ आयोगमा उपस्थित भएर बयान दिएका छन् । त्यही क्रममा उनले आफू आबद्ध हामी नेपाल संस्थाको आर्थिक कारोबारका विवरणहरु बुझाएका छन् ।उनी आइतबार आयोगमा उपस्थित भएर हामी नेपालसँग आबद्ध आर्थिक कारोबारसम्बन्धी हालसम्मका सम्पूर्ण कागजातको ढङ्गासमेत बुझाएको गुरुङले जानकारी दिए ।आफूहरुमाथि लगाइएको आरोपको सत्यतथ्य प्रमाणसहित स्पष्ट पार्ने प्रक्रियामा आज जाँचबुझ आयोगमा उपस्थित भएको र सत्य कहिल्यै नडराउने गुरुङले दाबी गरे । छानबिनमार्फत सत्य उजागर हुनेछ भन्नेमा आफू पूर्ण विश्वस्त लिएर आयोगमा गएको उनले बताए ।


## हरिपूर्वा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### हरिपूर्वा, सर्लाही

## डेंगीबाट बच्ने उपायहरू:

- एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ। त्यसमाथि पनि विहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने
- आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरूमा पानी जम्न नदिने/। पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने ।
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।
- बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने ।
- पूरै शरिर ढाक्ने लुगा लगाउने।
- पानी राख्ने भाँडाहरू जस्तै ट्यांकी, ड्रम, बाटा, बाल्टिन आदिलाई लामखुट्टे नछिर्ने गरी राम्ररी छोपेर राखौं। साथै पानी जम्न सक्ने ठाउँमा पानी जम्न नदिन नियमित सफा गरौं।



### मधेश प्रदेश सरकार
### स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
### स्वास्थ्य निर्देशनालय
## स्वास्थ्य कार्यालय
### मलंगवा, सर्लाही

**परिवार नियोजन स्थायी बन्ध्याकरण शिविर संचालन हुने सुचना ।**

उपरोक्त सम्बन्धमा यस जिल्लाका आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम अनुसार बृहत परिवार नियोजन शिविर ( स्वेच्छिक बन्ध्याकारण, लामो तथा छोटो अवधिको परिवार नियोजन सेवा तपसिल अनुसारको न.पा./गा.पा. मातहतका स्वास्थ्य संस्थाहरुमा वन्ध्याकरण शिविर संचालन हुने भएको हुँदा महिला स्वास्थ्य स्वयंमसेविका हरुलाई समयमै जानकारी गराई व्यापक प्रचारप्रसार गराई शिविर संचालनमा आवश्यक सहयोग सहित सफल गराई दिनुहुन अनुरोध छ ।

**तपशिल**

| सि.नं | पालिका | केन्द्र | मिति |
|---|---|---|---|
| १. | बसबरिया गा.पा | मानपुर स्वास्थ्य चौकी | २०८२/०८/१५ देखि २० । |
| २. | धनकौल गा.पा. | हरकठवा स्वास्थ्य चौकी | २०८२/०८/२२ र २३ गते |
| ३. | गोडैता न.पा | सिसौटिया स्वास्थ्य चौकी | २०८२/०८/२५ देखि २८ । |
| ४. | बलरा न.पा. | अचलगढ प्रा.स्वा.चौकी | २०८२/०९/१ देखि ३ सम्म |
| ५. | चक्रघट्टा गा.पा. | चक्रघट्टा गा.पा. | २०८२/०९/५ र ६ गते |
| ६. | ईश्वरपुर न.पा. | ईश्वरपुर नगर अस्पताल | २०८२/०९/८ देखि १० । |
| ७. | हरिपूर्वा न.पा. | नगर अस्पताल हरिपूर्वा | २०८२/०९/१२ देखि १४ । |
| ८. | हरिपुर न.पा. | हरिपुर प्रा.स्वा.के. | २०८२/०९/१६ देखि १८ । |
| ९. | मलंगवा न.पा. | प्रादेशिक अस्पताल | २०८२/०९/२० देखि २३ । |
| १०. | हरिवन न.पा. | सासापुर स्वास्थ्य चौकी | २०८२/०९/२५ र २६ गते |

**- स्वास्थ्य कार्यालय प्रमुख**